उच्च शिक्षा गुणस्तर सुनिश्चितता तथा प्रत्यायन परिषद्को मिति २०७७/०३/०४ को सिफारिस समेतका आधारमा विश्वविद्यालय अनुदान आयोगको मिति २०७७/०३/१२ को निर्णय (नि.न. १३२७) अनुसार स्वीकृत ।

# उच्च शैक्षिक संस्थाहरूको आन्तरिक गुणस्तर सुनिश्चितता निर्देशिका, २०७७

विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० को दफा ६ (१) ले दिएको अधिकार;

शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन नियमावली, २०७४ ले समग्र उच्च शिक्षाको विकासलाई गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रणालीसँग आवद्ध गर्दै उच्च शिक्षाको गुणस्तर सुनिश्चितताका लागि मापदण्ड, मानक तथा सूचकहरु निर्धारण गरी सोका आधारमा उच्च शैक्षिक संस्था तथा कार्यक्रमहरु सञ्चालन भएको सुनिश्चित गरेर प्रत्यायन प्रमाणीकरण गर्न आयोगमा सिफारिस गर्ने र शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन सम्वन्धी विधि र प्रक्रिया सुनिश्चित गरी सोही अनुरुप गुणस्तर सुनिश्चितता तथा प्रत्यायन सम्वन्धी काम गर्ने/गराउने सन्दर्भमा उच्च शिक्षा गुणस्तर सुनिश्चितता तथा प्रत्यायन परिषद्लाई दिएको अधिकार;

नेपाल सरकारको राष्ट्रिय शिक्षा नीति, २०७६ ले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभव र अभ्यास समेतका आधारमा शैक्षिक गुणस्तरका मानक तथा मापदण्ड तयार गरी सबै तह र प्रकारका शिक्षाको गुणस्तर अभिबृद्धि गर्ने उद्देश्यले गुणस्तर सुनिश्चितताका लागि राष्ट्रिय गुणस्तर प्रारूप तयार गरी सोका आधारमा शैक्षिक संस्थाहरु सञ्चालन भएको सुनिश्चित गर्दै गुणस्तर प्रत्यायन र प्रमाणीकरण निकायमार्फत उच्च शैक्षिक संस्थाहरूले गुणस्तर सुनिश्चितताको प्रमाणपत्र लिनुपर्ने गरी गरेको व्यवस्था;

उल्लेखित ऐन, नियम र नीतिगत व्यवस्थाहरु कार्यान्वयन गरी मुलुकको उच्च शिक्षाको गुणस्तर सुनिश्चित भएको प्रमाणीकरण गर्न आवश्यक भएको सन्दर्भमा विश्वविद्यालय तथा सो सरहका स्वास्थ्य विज्ञान प्रतिष्ठानहरू सहित सम्पूर्ण उच्च शैक्षिक संस्थाका समग्र गतिविधिहरूलाई प्रणालीगत पद्धतिमा आबद्ध गरी शैक्षिक, प्राज्ञिक, अनुसन्धानमूलक तथा प्रशासकीय गतिविधिहरू सञ्चालन भएको सुनिश्चित गर्न तथा उच्च शिक्षाको गुणस्तर अभिबृद्धिका लागि सम्पूर्ण उच्च शैक्षिक संस्थाहरूको आन्तरिक गुणस्तर सुनिश्चित गर्न वाञ्छनिय देखिएकाले विश्वविद्यालय अनुदान आयोग, शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन नियमावली, २०७४ को नियम १८ प्रदत्त अधिकार प्रयोग गरी आयोगले यो निर्देशिका जारी गरेको छ ।

## परिच्छेद एक

## प्रारम्भिक

### १.१ संक्षिप्त नाम र प्रारम्भ

(१) यस निर्देशिकाको नाम "उच्च शैक्षिक संस्थाहरूको आन्तरिक गुणस्तर सुनिश्चितता निर्देशिका, २०७७" रहेको छ । यसलाई अंग्रेजीमा Directives for Internal Quality Assurance of Higher Education Institutions, 2020 तथा छोटकरीमा IQAC Directives, 2020 भनिनेछ ।

(२) यो निर्देशिका उच्च शिक्षा गुणस्तर सुनिश्चितता तथा प्रत्यायन परिषद्को सिफारिस बमोजिम विश्वविद्यालय अनुदान आयोगबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

(३) उच्च शिक्षा प्रदान गर्ने उद्देश्यले प्रचलित नेपाल कानुन अन्तर्गत नेपालमा स्थापित तथा सञ्चालित विश्वविद्यालयहरू, स्वास्थ्य बिज्ञान प्रतिष्ठानहरू तथा त्यस्ता विश्वविद्यालयहरूको मातहतमा सञ्चालित उच्च शैक्षिक संस्थाहरू (विश्वविद्यालयका स्कूल, केन्द्रीय बिभाग/क्याम्पस, आङ्गिक क्याम्पस तथा सम्बन्धन प्राप्त क्याम्पसहरू) सहित स्नातक तह वा सो भन्दा माथिल्लो तहका शैक्षिक कार्यक्रमहरू अन्तर्गत शैक्षिक उपाधि प्रदान गर्ने उद्देश्यले (बिदेशी विश्वविद्यालयको सम्बन्धन समेतमा) देशमा सञ्चालित सबै उच्च शैक्षिक संस्थाहरूमा यो निर्देशिका लागु हुनेछ ।

## १.२ परिभाषा

(१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस निर्देशिकामा -

(क) "ऐन" भन्नाले विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० सम्झनु पर्दछ ।

(ख) "आयोग" भन्नाले विश्वविद्यालय अनुदान आयोगलाई सम्झनु पर्दछ ।

(ग) "नियमावली" भन्नाले शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन नियमावली, २०७४ सम्झनु पर्दछ ।

(घ) "परिषद्" भन्नाले नियमानुसार आयोगबाट गठित उच्च शिक्षा गुणस्तर सुनिश्चितता तथा प्रत्यायन परिषद्लाई सम्झनु पर्दछ ।

(ङ) "निर्देशिका" भन्नाले उच्च शैक्षिक संस्थाहरूको आन्तरिक गुणस्तर सुनिश्चितता निर्देशिका, २०७७ सम्झनु पर्दछ ।

(च) "नीति" भन्नाले नेपाल सरकारको राष्ट्रिय शिक्षा नीति, २०७६ लाई सम्झनु पर्दछ ।

(छ) "विश्वविद्यालय" भन्नाले प्रचलित नेपाल कानून अनुसार नेपालमा स्थापित तथा सञ्चालित विश्वविद्यालयहरूलाई सम्झनु पर्दछ ।

(ज) "प्रतिष्ठान" भन्नाले प्रचलित नेपाल कानून अनुसार नेपालमा स्थापित स्वास्थ्य विज्ञान प्रतिष्ठानहरूलाई सम्झनु पर्दछ ।

(झ) "उच्च शैक्षिक संस्था" भन्नाले उच्च शिक्षा प्रदान गर्न प्रचलित नेपाल कानुन अन्तर्गत स्थापित विश्वविद्यालय (तथा प्रतिष्ठान) अन्तर्गतका स्कूल, केन्द्रीय बिभाग, केन्द्रीय क्याम्पस, आङ्गिक क्याम्पस, सम्बन्धन प्राप्त क्याम्पस सहित बिदेशी विश्वविद्यालयको सम्बन्धनमा नेपालमा उच्च शिक्षाको स्नातक वा सो भन्दा माथिल्लो तहका शैक्षिक कार्यक्रम सञ्चालन गर्ने र शैक्षिक उपाधि प्रदान गर्ने उच्च शिक्षाका संस्थाहरूलाई सम्झनु पर्दछ ।

(ञ) "आन्तरिक गुणस्तर सुनिश्चितता समिति" भन्नाले विश्वविद्यालय/प्रतिष्ठान तथा उच्च शैक्षिक संस्थाको समग्र आन्तरिक गुणस्तर सम्बन्धमा कार्य गर्न यस निर्देशिकाले व्यवस्था गरे बमोजिम सम्बन्धित विश्वविद्यालय/प्रतिष्ठान तथा उच्च शैक्षिक संस्थामा गठित अधिकार सम्पन्न उच्च स्तरीय स्वतन्त्र समितिलाई सम्झनु पर्दछ ।

(ट) "सचिवालय" भन्नाले विश्वविद्यालय/प्रतिष्ठान तथा उच्च शैक्षिक संस्थामा गठित आन्तरिक गुणस्तर सुनिश्चितता समितिको कार्यालयलाई सम्झनु पर्दछ ।

IQAC DIRECTIVES, 2020

## परिच्छेद दुई

## आन्तरिक गुणस्तर सुनिश्चितता समिति सम्बन्धी व्यवस्था

### २.१ विश्वविद्यालय/प्रतिष्ठान स्तरीय आन्तरिक गुणस्तर सुनिश्चितता समिति

२.१.१ विश्वविद्यालय/प्रतिष्ठानको शैक्षिक/प्राज्ञिक, अनुसन्धानमूलक तथा प्रशासकीय कार्यमा आवश्यक गुणस्तर कायम गर्न एक विश्वसनीय प्रणालीको स्थापना गरी गुणस्तरलाई संस्कृतिको रूपमा अङ्गिकार गर्दै उत्तम अभ्यासहरूलाई संस्थागत गरेर समग्र उच्च शिक्षाको गुणस्तर अभिबृद्धि गर्न (नेपालमा स्थापित तथा सञ्चालित) हरेक विश्वविद्यालय/प्रतिष्ठानमा सम्बन्धित विश्वविद्यालय/प्रतिष्ठानले गठन गरे बमोजिमको एक आन्तरिक गुणस्तर सुनिश्चितता समिति रहने छ ।

२.१.२ यसरी गठन हुने आन्तरिक गुणस्तर सुनिश्चितता समितिको संयोजन सामान्यतय : विश्वविद्यालय/प्रतिष्ठानका उपकुलपतिले गर्नुपर्नेछ ।

२.१.३ समितिका सदस्यहरूको पदावधि सम्बन्धित विश्वविद्यालय/प्रतिष्ठानले निर्धारण गरे बमोजिम हुनेछ । यद्यपि, समितिका कुनै पनि पदेन सदस्यको सदस्यता जुन पदको हैसियतमा निजको नियुक्ति भएको हो, सो पदावधि कायम रहेसम्म मात्र रहनेछ ।

२.१.४ समितिको बैठक तथा यस सम्बन्धि अन्य कार्यविधि/कार्य प्रणाली समिति स्वयम्ले निर्धारण गरी लागू गरे बमोजिम हुनेछ ।

२.१.५ विश्वविद्यालय/प्रतिष्ठानको ऐन, नियम, बिनियम, निर्देशिका आदिमा अन्यत्र उल्लेख भएको बाहेक समितिको मुख्य काम, कर्तव्य, अधिकार र उत्तरदायित्व निम्न बमोजिम हुनेछ ।

(क) विश्वविद्यालय अनुदान आयोग, उच्च शिक्षा गुणस्तर सुनिश्चितता तथा प्रत्यायन परिषद्ले निर्धारण गरेका मापदण्ड, मानक र सूचकहरू (Criteria, Benchmarks and Indicators) लाई न्यूनतम् आधार मानी त्यसका आधारमा राष्ट्रिय तथा विश्व बजारमा प्रतिस्पर्धी हुन आवश्यक थप उत्तम अभ्यासहरूलाई समेत प्रयोगमा ल्याई आवश्यक गुणस्तर कायम गर्दै विश्वविद्यालय/प्रतिष्ठानको शैक्षिक/प्राज्ञिक, अनुसन्धानमूलक तथा प्रशासकीय गतिविधिहरू सञ्चालन भएको सुनिश्चित गर्ने,

(ख) विश्वविद्यालय/प्रतिष्ठानको शैक्षिक/प्राज्ञिक, अनुसन्धानमूलक तथा प्रशासकीय गतिविधिहरूमा आवश्यक गुणस्तर अभिबृद्धिका लागि संस्थागत, शैक्षिक उपाधिको बिषयगत विविधता तथा मौलिक आवश्यकता समेतका आधारमा गुणस्तरका थप मापदण्ड, मानक र सूचकहरू निर्धारण गरी लागु गर्ने,

(ग) विश्वविद्यालय/प्रतिष्ठान तथा मातहतका उच्च शैक्षिक संस्थाहरूको आन्तरिक गुणस्तर सुनिश्चितता प्रणाली स्थापना गरी कम्तिमा पनि बार्षिकरूपमा आन्तरिक गुणस्तर सम्परीक्षण (Internal Quality Audit) सम्बन्धि व्यवस्था कार्यान्वयन गर्ने,

(घ) परिषद्ले सञ्चालन गरेको गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रणालीमा सहभागी विश्वविद्यालय मातहतका निकाय/उच्च शैक्षिक संस्थाहरूको आशयपत्र र स्वअध्ययन प्रतिवेदन आवश्यक अध्ययन र समीक्षा गरी उपयुक्त आशयपत्र र स्वअध्ययन प्रतिवेदनहरू स्वीकृतिका लागि परिषद् समक्ष सिफारिस गर्ने,

(ङ) स्वअध्ययन प्रतिवेदन तयारी गर्ने सम्बन्धमा उच्च शैक्षिक संस्थाहरूलाई सहजीकरण गर्ने र उक्त कार्यमा आवश्यक पृष्ठपोषण प्रदान गर्दै उच्च शैक्षिक संस्थाका कार्यहरूको सुपरीवेक्षण गर्ने,

(च) गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रणालीमा सहभागी विश्वविद्यालय मातहतका निकाय/उच्च शैक्षिक संस्थाहरूले तयार गरेको स्वअध्ययन प्रतिवेदनको आन्तरिक समकक्षी परीक्षण (Internal Peer Review) समेत गरी थप सुधारका लागि सुझावहरू प्रदान गर्ने र सुझाव अनुरूप कार्यसम्पादन भएको सुनिश्चित गर्ने,

(छ) विश्वविद्यालय/प्रतिष्ठानमा आन्तरिक गुणस्तर नियन्त्रण, व्यवस्थापन तथा अनुगमनको व्यवस्था गरी उक्त व्यवस्थाको कार्यान्वयनमा सहजीकरण गर्ने,

(ज) गुणस्तर सुनिश्चितता. तथा प्रत्यायन कार्यमा विश्वविद्यालय/प्रतिष्ठान मातहतका सबै निकायहरूबीच आपसी समन्वय कायम गर्ने,

(झ) गुणस्तर संस्कृति (Quality Culture) सहित गुणस्तर सुनिश्चितता तथा प्रत्यायन सचेतना अभिबृद्धि गर्ने/गराउने,

(ञ) उच्च शिक्षाको गुणस्तर अभिबृद्धिका लागि आन्तरिक तथा अन्तर संस्थागत गोष्ठि, सेमिनार, अभिमुखीकरण, तालिम तथा पेशागत बिकासका अन्य अवसरहरू सञ्चालन गरी गुणस्तर सुधारसँग सम्बन्धित बिभिन्न कार्यक्रम तथा गतिविधिहरूको अभिलेखीकरण गर्ने,

(ट) शैक्षिक व्यवस्थापन सूचना प्रणाली मार्फत संस्थागत तथ्याङ्कीय प्रणाली (Database) तयार गर्ने सम्बन्धमा प्राविधिक परामर्श प्रदान गरी एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (Integrated EMIS) लाई क्रियाशील बनाउन आवश्यक सहयोग गर्ने,

(ठ) विश्वविद्यालय/प्रतिष्ठानको गुनासो सम्बोधन गर्ने निकाय (Nodal Agency) ले उपयुक्त तवरले सरोकारवालाहरूको गुनासो सम्बोधन तथा व्यवस्थापन गरे नगरेको समीक्षा गरी गुनासो व्यवस्थापन कार्यमा सहजीकरण गर्ने,

(ड) नियमित रूपमा गुणस्तर अन्तर विश्लेषण (Quality Gap Analysis) गरी सो अनुरूप थप सुधारका लागि योजना तर्जूमा गर्ने तथा कार्यान्वयन गर्ने,

(ढ) सरोकारवालाहरूका लागि व्यवसायिक आचरण (Professional Ethics) र आचार संहिता (Code of Conduct) तयार गरी लागु गर्न सहजीकरण गर्ने,

(ण) उच्च शिक्षाको गुणस्तर सम्बन्धमा बिभिन्न सूचना तथा जानकारीहरू प्रबोधिकरण (Dissemination) गर्ने,

(त) गुणस्तर सुनिश्चितता र प्राज्ञिक तथा शासकीय सम्परीक्षण सम्बन्धि बार्षिक प्रतिवेदन तयार गरी विश्वविद्यालय/प्रतिष्ठान मार्फत परिषद् समक्ष पेश गर्ने,

(थ) उच्च शिक्षाको गुणस्तर अभिबृद्धि गर्ने सम्बन्धमा सभा, सञ्चालक परिषद्, कार्यकारी परिषद्, प्राज्ञिक परिषद्, बिद्या परिषद्, बिषय सर्मिति (Senate, Governing Board, Executive Council, Academic Council, Faculty Board, Subject Committee) लगायतका सम्बन्धित निकायमा सुझाव पेश गर्ने/सिफारिस गर्ने,

(द) विश्वविद्यालय तथा प्रतिष्ठानहरू मातहतमा सञ्चालित सम्पूर्ण उच्च शैक्षिक संस्थाहरूको आन्तरिक गुणस्तर सुनिश्चितता संयन्त्रहरूको बार्षिक प्रगति प्रतिवेदन र प्राज्ञिक तथा शासकीय सम्परीक्षणको प्रतिवेदन प्राप्त गर्ने, समीक्षा गर्ने, विश्लेषण गर्ने तथा शैक्षिक

HEAC DIRECTIVES 2020

गुणस्तर सम्बन्धि कार्ययोजना कार्यान्वयनको प्रगति र उत्तम अभ्यासहरू समावेश गरेर बार्षिक प्रतिवेदन तयार गरी आर्थिक बर्ष समाप्त भएको मितिले तीन महिनाभित्र उच्च शिक्षा गुणस्तर सुनिश्चितता तथा प्रत्यायन परिषद्मा पेश गर्ने ।

२.१.६ उल्लेखित कार्यहरूका अतिरिक्त सम्बन्धित विश्वविद्यालय तथा प्रतिष्ठानले आफ्नो मौलिक आवश्यकताका आधारमा समितिको थप जिम्मेवारीहरू निर्धारण गरी कार्यान्वयनको अधिकार प्रदान गर्न सक्नेछ ।

२.१.७ हरेक विश्वविद्यालय/प्रतिष्ठानले आन्तरिक गुणस्तर सुनिश्चितता समितिको सचिवालयको व्यवस्था गरी आवश्यक बजेट, अन्य भौतिक पूर्वाधारहरू र कर्मचारीको व्यवस्थापन गरेर क्रियाशील बनाउनु पर्नेछ ।

२.१.८ विश्वविद्यालय/प्रतिष्ठान स्तरमा स्थापित/गठित आन्तरिक गुणस्तर सुनिश्चितता समिति, यसका कार्यहरू तथा यस सम्बद्ध अन्य व्यवस्थाहरू आन्तरिक गुणस्तर सुनिश्चितता सम्बन्धमा उच्च शिक्षा गुणस्तर सुनिश्चितता तथा प्रत्यायन परिषद्ले जारी गर्ने सम्बद्ध निर्देशिका तथा मार्गदर्शन बमोजिम समयानुकूल परिमार्जन हुन सक्नेछ ।

## २.२ उच्च शैक्षिक संस्था स्तरीय आन्तरिक गुणस्तर सुनिश्चितता समिति

२.२.१ उच्च शैक्षिक संस्थाको शैक्षिक/प्राज्ञिक, अनुसन्धानमूलक तथा प्रशासकीय कार्यमा आवश्यक गुणस्तर कायम गर्न एक विश्वसनीय प्रणालीको स्थापना गरी गुणस्तरलाई संस्कृतिको रूपमा अङ्गिकार गर्दै उत्तम अभ्यासहरूलाई संस्थागत गरेर उच्च शिक्षाको गुणस्तर अभिबृद्धि गर्न (नेपालमा स्थापित तथा सञ्चालित) हरेक उच्च शैक्षिक संस्थामा सम्बन्धित संस्थाले गठन गरे बमोजिमको एक आन्तरिक गुणस्तर सुनिश्चितता समिति रहने छ ।

२.२.२ आन्तरिक गुणस्तर सुनिश्चितता समितिको नेतृत्व सामान्यत : उच्च शैक्षिक संस्थाको बरिष्ठ प्राध्यापकले गर्नु उपयुक्त हुन्छ ।

२.२.३ यसरी बन्ने आन्तरिक गुणस्तर सुनिश्चितता समिति उच्च शैक्षिक संस्थाको व्यवस्थापन, प्रशासन, संस्थागत संयन्त्रहरू, प्राज्ञिक नेतृत्व, शिक्षक, कर्मचारी, बिद्यार्थी तथा अन्य सरोकारवालाहरू समेतको संलग्नतामा सहभागितामूलक किसिमको हुनुपर्नेछ । आन्तरिक गुणस्तर सुनिश्चितता समितिमा विद्यार्थी गुणस्तर समूह (Student Quality Circle) को प्रतिनिधित्व अनिवार्य हुनेछ ।

२.२.४ समितिका सदस्यहरूको पदावधि सामान्यत : चार बर्षको हुनेछ । समितिका कुनै पनि पदेन सदस्यको सदस्यता जुन पदको हैसियतमा निजको नियुक्ति भएको हो, सो पदावधि कायम रहेसम्म मात्र रहनेछ ।

२.२.५ समितिको बैठक सामान्यतया हरेक महिनामा कम्तिमा एक पटक बस्नु पर्नेछ । आवश्यकता अनुसार थप बैठकहरू बस्न पनि सकिनेछ ।

२.२.६ बैठकको अध्यक्षता समितिको अध्यक्ष/प्रमुखले गर्नेछ । निजको अनुपस्थितीमा समितिको बैठक बस्नु परेमा निजको स्वीकृतिमा समितिको बरिष्ठतम् सदस्यले बैठकको अध्यक्षता गर्न सक्नेछ ।

२.२.७ बैठकको निर्णय समितिका सदस्य सचिवले अभिलेखीकरण गरी राख्नु पर्नेछ । यस्तो अभिलेख बैठकको अध्यक्षता गर्ने व्यक्ति र समितिका सदस्य सचिवको संयुक्त दस्तखतबाट प्रमाणित हुनेछ ।

IQAC DIRECTIVES 2020

२.२.८ समितिको बैठक भत्ता र अन्य सुविधाहरू सम्बन्धित उच्च शैक्षिक संस्थाको निर्णायक निकायले निर्धारण गरे बमोजिम हुनेछ ।

२.२.९ समितिको अध्यक्षले बैठकमा कुनै विज्ञ, प्राध्यापक, कर्मचारी, बिद्यार्थी प्रतिनिधि तथा र अन्यलाई आवश्यकता अनुरुप आमन्त्रण गर्न सक्नेछ ।

२.२.१० समितिको बैठक सम्बन्धि अन्य कार्यविधि तथा कार्य प्रणाली समिति स्वयम्ले निर्धारण गरी लागु गरे बमोजिम हुनेछ ।

२.२.११ उच्च शैक्षिक संस्थको बिधान, प्रबन्ध पत्र, नियम, बिनियम, निर्देशिका आदिमा अन्यत्र उल्लेख भएको बाहेक समितिको मुख्य काम, कर्तव्य, अधिकार र उत्तरदायित्व निम्न बमोजिम हुनेछ :

(क) देशको गुणस्तर सुनिश्चितता तथा प्रत्यायनको कार्य संचालन, व्यवस्थापन तथा नियमन गर्ने आधिकारिक निकाय (परिषद्) ले निर्धारण गरेका मापदण्ड, मानक र सूचकहरू (Criteria, Benchmarks and Indicators) लाई न्यूनतम् आधार मानी उत्तम अभ्यासहरूलाई थप गर्दै आवश्यक गुणस्तर कायम गरेर उच्च शैक्षिक संस्थाको शैक्षिक/प्राज्ञिक, अनुसन्धानमूलक तथा प्रशासकीय गतिविधिहरू सञ्चालन भएको सुनिश्चित गर्ने,

(ख) उच्च शैक्षिक संस्था सम्बद्ध बिश्वविद्यालयको आन्तरिक गुणस्तर सुनिश्चितता समितिका निर्णय, निर्देशन तथा मार्गदर्शनका आधारमा आवश्यक शैक्षिक गुणस्तर कायम गर्न गुणस्तरका थप मापदण्ड, मानक, सूचक तथा कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउन उच्च शैक्षिक संस्थालाई सहयोग गर्ने,

(ग) उच्च शैक्षिक संस्थाको शैक्षिक/प्राज्ञिक, अनुसन्धानमूलक तथा प्रशासकीय गतिविधिहरूमा आवश्यक गुणस्तर कायम गर्न गुणस्तरका थप मापदण्ड, मानक र सूचकहरू निर्धारण गरी लागु गर्ने/गराउने,

(घ) उच्च शिक्षाको गुणस्तर स्थापना/निर्धारण गर्ने, निर्धारित गुणस्तर कायम गर्ने र गुणस्तरलाई संस्कृतिको रूपमा दिगोपना दिने सन्दर्भमा आन्तरिक गुणस्तर सुनिश्चितता प्रणाली स्थापना गरी सोका आधारमा उच्च शैक्षिक संस्थाको आन्तरिक गुणस्तर सुनिश्चित, व्यवस्थापन तथा अनुगमन गर्ने,

(ङ) उच्च शिक्षाको गुणस्तर अभिबृद्धिका लागि आवश्यक बिभिन्न गोष्ठि, सेमिनार, अभिमुखीकरण, तालिम तथा पेशागत बिकासका अन्य कार्यक्रमहरू संचालन गर्ने,

(च) स्वअध्ययन प्रतिवेदन तयारी गर्ने सम्बन्धमा स्वअध्ययन टोलीलाई सहजीकरण गर्ने र उक्त कार्यमा आवश्यक पृष्ठपोषण प्रदान गर्दै टोलीका कार्यहरूको सुपरीवेक्षण गर्ने,

(छ) उच्च शैक्षिक संस्थाको गुणस्तर सुधारसँग सम्बन्धित बिभिन्न कार्यक्रम तथा गतिविधिहरूको अभिलेखीकरण गर्दै संस्थाबाट प्रवाह हुने उच्च शिक्षाको गुणस्तर सम्बन्धमा बिभिन्न सूचना र जानकारीहरू प्रबोधिकरण (Dissemination) गर्ने/गराउने,

(ज) उच्च शैक्षिक संस्थाको सेवा प्रवाहका सम्बन्धमा स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्ध/संजाल बिस्तार गर्ने सम्बन्धमा प्राविधिक सहायता उपलब्ध गराउने,

(झ) उच्च शैक्षिक संस्थाका समग्र गतिविधिहरूको संचालन तथा व्यवस्थापनका लागि आवश्यक नीति, रणनीति, कार्यक्रम, बजेट, बार्षिक कार्ययोजना तथा दैनिक कार्यतालिका जस्ता

कुराहरूको निर्माण/निर्धारणमा उच्च शैक्षिक संस्थाको संचालक समिति तथा क्याम्पस प्रशासनलाई प्राविधिक सहायता उपलब्ध गराउने,

(ञ) नियमित रूपमा गुणस्तर अन्तर विष्लेषण (Quality Gap Analysis) गरी सो अनुरूप थप सुधारका लागि योजना तर्जूमा गर्ने तथा कार्यान्वयन गर्ने,

(ट) सरोकारवालाहरूका लागि व्यवसायिक आचरण (Professional Ethics) र आचार संहिता (Code of Conduct) तयार गरी लागु गर्न सहजीकरण गर्ने,

(ठ) उच्च शैक्षिक संस्थाको बार्षिक प्राज्ञिक तथा शासकीय सम्परीक्षण गरी संस्थाको सम्बन्धित निर्णायक निकाय समक्ष सम्परीक्षण प्रतिवेदन पेश गर्ने,

(ड) उच्च शैक्षिक संस्थाका समग्र गतिविधिहरूको गुणस्तर सम्बन्धमा सम्बन्धित उच्च निकाय समक्ष आवश्यक सुझाव/सिफारिसहरू पेश गर्ने,

(ढ) उच्च शैक्षिक संस्थाको स्वअध्ययन प्रतिवेदन सहित गुणस्तर सुनिश्चितता तथा प्रत्यायनसँग सम्बन्धित आवश्यक प्रतिवेदन तथा दस्तावेजहरू संस्थाको वेबसाइट सहित अन्य आन्तरिक संयन्त्रहरू मार्फत सार्वजनिक भएको सुनिश्चित गर्ने,

(ण) विश्वविद्यालय अनुदान आयोगबाट हुने प्रत्यायनकृत उच्च शैक्षिक संस्थाहरूको बार्षिक समिक्षा र अनुगमन तथा संस्थाको पुन : प्रत्यायनका लागि सहजीकरण गर्ने,

(त) उच्च शैक्षिक संस्थाको गुणस्तर सम्वन्धि योजना, नीति तथा कार्यक्रम, गतिविधिहरू तथा प्रयास र प्रगति सहित संस्थाको समग्र शैक्षिक अवस्थाको बार्षिक प्रतिवेदन तयार गर्ने र सम्बन्धित निकाय(परिषद्, विश्वविद्यालयको आन्तरिक गुणस्तर सुनिश्चितता समिति, सम्बन्धित संस्थाको कार्यकारी/निर्णायक निकाय आदि) मा पेश गर्ने।

२.२.१२ उल्लेखित कार्यहरूका अतिरिक्त सम्वन्धित उच्च शैक्षिक संस्थाले आफ्नो मौलिक आवश्यकताका आधारमा थप जिम्मेवारीहरू निर्धारण गरी समितिलाई कार्यान्वयनको अधिकार प्रदान गर्न सक्नेछ।

२.२.१३ हरेक उच्च शैक्षिक संस्थाहरूमा आन्तरिक गुणस्तर सुनिश्चितता समितिको सचिवालय स्थापना भइ क्रियाशील हुनु पर्नेछ।

२.२.१४ आन्तरिक गुणस्तर सुनिश्चितता समितिको सचिवालयका लागि आवश्यक खर्च, अन्य भौतिक पूर्वाधारहरू, मसलन्द र कर्मचारीको व्यवस्था सम्बन्धित उच्च शैक्षिक संस्थाले गर्नुपर्नेछ।

२.२.१५ उच्च शैक्षिक संस्थामा स्थापित/गठित आन्तरिक गुणस्तर सुनिश्चितता समिति, यसका कार्यहरू तथा यस सम्बद्ध अन्य व्यवस्थाहरू आन्तरिक गुणस्तर सुनिश्चितता सम्बन्धमा उच्च शिक्षा गुणस्तर सुनिश्चितता तथा प्रत्यायन परिषद् र सम्बन्धित विश्वविद्यालयको आन्तरिक गुणस्तर सुनिश्चितता समितिले समय समयमा जारी गर्ने सम्बद्ध निर्देशिका/मार्गदर्शन बमोजिम हुनेछन्।

IQAC DIRECTIVES 2020

## परिच्छेद तीन
## विविध

### ३.१ कार्यविधि तयार गरी लागु गर्न सक्ने

(१) यस निर्देशिकाका प्रावधानहरू कार्यान्वयन गर्दै विश्वविद्यालय/प्रतिष्ठान सहित सम्पूर्ण उच्च शैक्षिक संस्थाका समग्र गतिविधिहरूलाई व्यवस्थित रूपमा सञ्चालन गर्न सम्बद्ध ऐन, नियम र निर्देशिकाको प्रतिकूल नहुने गरी सम्बन्धित विश्वविद्यालय/प्रतिष्ठान तथा उच्च शैक्षिक संस्थाहरूले आवश्यक कार्यविधि तयार गरी लागु गर्न सक्नेछन् ।

### ३.२ मार्गदर्शन जारी गर्न सक्ने

(१) यस निर्देशिकाको व्यवस्था कार्यान्वयन गर्न परिषद्ले सम्बन्धित सम्पूर्ण सरोकारवालाहरूको जानकारीका लागि समय समयमा आवश्यक मार्गदर्शन जारी गर्न सक्नेछ । सोको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

### ३.३ संगठनात्मक संरचनामा समावेश (प्रतिविम्बित) भएको हुनुपर्ने

(१) यस निर्देशिका बमोजिम स्थापना हुने आन्तरिक गुणस्तर सुनिश्चितता समिति तथा समितिको सचिवालय विश्वविद्यालय/प्रतिष्ठान तथा उच्च शैक्षिक संस्थाको समग्र गुणस्तरसँग सम्बन्धित स्थायी प्रकृतिको संरचना/संयन्त्र भएकाले विश्वविद्यालय तथा उच्च शैक्षिक संस्थाको आधिकारिक संगठनात्मक संरचनामा अनिवार्य रूपमा समावेश भएको हुनुपर्नेछ ।

### ३.४ गुणस्तर समन्वय समिति सम्बन्धि व्यवस्था

(१) विश्वविद्यालय/प्रतिष्ठानको आन्तरिक गुणस्तर सुनिश्चितता सहित विश्वविद्यालय मातहतका उच्च शैक्षिक संस्थाहरूबाट प्रवाह हुने शिक्षाको समग्र गुणस्तर सम्बन्धमा समन्वय गरी उच्च शिक्षाको गुणस्तरका न्यूनतम् पूर्वशर्तहरूबीच एकरूपता कायम गर्न तथा उच्च शिक्षाको गुणस्तर सम्बद्ध समसामयिक बिषयहरूमा बहस/छलफल गरी आवश्यक कार्य गर्न समन्वय गर्ने उद्देश्यले परिषद्का अध्यक्षको संयोजकत्वमा सबै विश्वविद्यालय/प्रतिष्ठानका आन्तरिक गुणस्तर सुनिश्चितता समितिका प्रमुखहरू सम्मिलित एक गुणस्तर समन्वय समितिको गठन गरिनेछ ।

(२) आयोगको गुणस्तर सुनिश्चितता तथा प्रत्यायन महाशाखाका प्रमुखले समितिको सदस्य सचिवको कार्य गर्नेछन् भने यस सम्बन्धि अन्य व्यवस्था परिषद्ले निर्धारण गरे बमोजिम हुनेछ ।

### ३.५ निर्देशिका बमोजिम हुने

(१) यस निर्देशिकामा उल्लेखित कुराहरू यसै अनुरूप हुनेछन् । यो निर्देशिका जारी हुनुपूर्व यस सम्बन्धमा भए गरेका सम्बन्धित कार्यहरू समेत यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

### ३.६ व्यख्या गर्ने र बाधा अड्काउ फुकाउने अधिकार

(१) यस कार्य निर्देशिकाको अन्तिम व्याख्या गर्ने अधिकार आयोगमा निहित रहनेछ । यस निर्देशिकाको उद्देश्य कार्यान्वयन गर्ने सिलसिलामा आइपर्ने वा सिर्जना हुने कुनै बाधा अड्काउ फुकाउने अधिकार पनि आयोगलाई हुनेछ ।

ЖЖЖЖЖ